**प्रेस विज्ञप्ति**

**विकास उद्यमीको नेपाल इन डाटाले सार्वजनिक गर्यो भूगोल प्रोफाइल (Geo Profile), अब सातै प्रदेशका ७५३ स्थानीय निकायका सबै तथ्यांक एकैठाँउमा पाउन सकिने**

**पाटन, २० वैशाख २०७५**

विकास उद्यमीद्वारा सञ्चालित नेपाल इन डाटाले सबै ७ प्रदेश र ७५३ स्थानीय निकायहरूसँग सम्बन्धित मुख्य डाटा तथा तथ्यांकहरू समेटिएको भूगोल प्रोफाईल (Geo Profile) को प्रारम्भिक संस्करण सार्वजनिक गरेको छ। उक्त भूगोल प्रोफाईल (Geo Profile) www.nepalindata.com/data मा उपलब्ध रहेको छ र प्रयोगकर्ताहरूले आफूलाई चाहिएको प्रदेश र स्थानीय निकायहरूको जनसंख्या, अर्थतन्त्र, कृषि, उद्योग,स्वास्थ्य, शिक्षा लगायतका अन्य विभिन्न क्षेत्रका प्रमुख सूचकहरूको तथ्यांक उक्त प्रोफाईलमा हेर्न सक्छन् । प्रयोगकर्ताहरूले आफूले छानेका प्रदेश/स्थानीय निकायका विभिन्न सूचकहरूबीच तुलना गरी विकासको हालको परिदृश्य मुल्यांकन पनि गर्न सक्छन् । उक्त भूगोल प्रोफाइलमा समावेश भएका तथ्यांकहरूलाई ग्राफ र तालिकाको सहयोगमा विश्लेशण गर्न पनि सकिन्छ साथै आफू अनुकुल प्रयोग गर्नको लागि csv र jpeg फरम्याटमा पनि डाउनलोड गर्न सकिन्छ।

भूगोल प्रोफाइल निम्न लिंकहरूमा गएर हेर्न सकिन्छ।

- राष्ट्रिय तहको प्रोफाईलको लागि www.nepalindata.com/data/nepal
- प्रदेश तहको प्रोफाईलको लागि www.nepalindata.com/data/province
- स्थानीय तहको प्रोफाईलको लागि www.nepalindata.com/data/localbodies

भूगोल प्रोफाईल (Geo Profile)को माध्यमबाट तथ्यांकहरूको सहज पहुच निर्माण गरी केन्द्रीय, प्रादेशिक र स्थानीय सरकारहरूले गर्ने योजना निर्माण र कार्योन्यन का साथै निर्णय प्रकृयालाई सहयोग पुर्याउनुनै नेपाल इन डाटाको लक्ष रहेको छ । तथ्यांक हेरेर आम नागरीकहरूले स्थानीय स्तरमा भएका विकास निर्माणको निगरानी गर्न सकुन् भन्ने विश्वास यसले लिएको छ। यसका साथै मिडिया, नागरीक समाज, सामाजिक संघ संस्था, दातृ निकाय र निजी क्षेत्र समेतको योजना निर्माण र कार्योन्यन प्रकियालाई तथ्यांकहरूका मार्फत सहयोग पुर्याउनु पनि नेपाल इन डाटाको उदेश्य रहेको छ ।

भूगोल प्रोफाईल (Geo Profile) मा समावेश भएका तथ्यांकहरू सबै आधिकारिक सरकारी स्रोतहरूबाट संकलन गरीएका हुन् । सूचकहरूको तथ्यांक नेपाल इन डाटाले केन्द्रीय तथ्यांक विभाग, नेपाल राष्ट्र बैंक, अर्थ मन्त्रालय, लगायतका अन्य सरकारी संस्था तथा निकायहरूद्वारा प्रकाशित तथ्यांकहरूको प्रयोग गरी तयार पारेको हो । आगामी महिनाहरूमा थप सुविधाहरूको समावेश गरी भूगोल प्रोफाईल (Geo Profile)लाई विस्तार गर्ने योजना नेपाल इन डाटाको रहेको छ ।

भूगोल प्रोफाईल (Geo Profile) को परिकल्पना नेपाल इन डाटाले गरेको हो र यो प्रोफाईल अस्ट्रेलियन सरकार र द एशिया फाउन्डेशनको सहकार्यमा संचालित स्थानीय सरकार सबलिकरण कार्यक्रमको सहयोगमा सम्भव भएको हो ।

भूगोल प्रोफाइल तथा १२ खण्डमा भएका २८०० भन्दा धैरै डाटासेटहरू र दैनिक इन्फोग्राफिक्स सँगै डाटा र तथ्यांकसम्बन्धि समाचार र सामाग्रीहरू पाउनको लागि www.nepalindata.com/data खोल्नुहोस् ।

विकास उद्यमीले गरीरहेको कामहरूबारेमा थप जान्नको लागि: www.bikasudhyami.com

www.facebook.com/nepalindata
www.facebook.com/bikasudhyami

https://twitter.com/nepalindata
www.twitter.com/bikasudhyami